नेपाल सरकार
# स्वास्थ्य बीमा बोर्ड

पत्र संख्या : २०७८/०७९
चलानी नं.: १२६४

फोन नं. : ०१-४१००२२३
टोल फ्री : १६६००११२२४
टेकु, काठमाडौं

मितिः २०७९।०३।०२

**विषयः-** औषधी विक्री वितरण कक्ष (फार्मेसी) को व्यवस्था सम्बन्धमा ।

**श्री सेवा प्रदायक स्वास्थ्य संस्थाहरु, सबै ।**

उपरोक्त सम्वन्धमा सेवा प्रदायक स्वास्थ्य संस्थाहरुले वीमितहरुलाई सहज रुपमा सेवा प्रदान गरी रहनुका साथै सेवा प्रदान गर्दा आवश्यक पर्ने कागजातहरु संलग्न राखी दावी गरीरहनु भएकोमा यस वीमा वोर्डको तर्फवाट धन्यवाद दिन चाहन्छु । तथापि कतिपय सेवा प्रदायक स्वास्थ्य संस्थाहरुले वीमितलाई सेवा उपलब्ध गराउँदा लाग्ने खर्च अनुसारको वील नदिने गरेको, आफनै संस्थाको नामको फार्मेसी नभई अन्य फार्मेसीको नाममा विलिंग गर्ने गरेको पाइएको र सर्वसाधारणको गुनासो पनि आउनुका साथै स्वास्थ्य वीमा नियमावली, २०७५ को परिच्छेद ६ को दफा (२४) मा सेवा प्रदायकले चौविसै घण्टा फार्मेसी सञ्चालन गरी औषधीको व्यवस्था गर्नुपर्ने छ भनी उल्लेख भएकोमा कतिपय सेवा प्रदायक स्वास्थ्य संस्थाहरुले नियमानुसार औषधी विक्री वितरण कक्ष (फार्मेसी) को व्यवस्था गरे पनि संस्थाको नाममा नभै अन्यको नाममा विलिंग गर्ने गरिएको पाइएकोले मिति २०७९।०४।०१ गते देखि अनिवार्य रुपमा संस्थाको आधिकारिक नाममा नै औषधीको विलिङ गर्न गराउन सवैमा हार्दिक अनुरोध गर्दछु । अन्यथा नियमानुसार दावी परीक्षणमा वाधा पर्ने व्यहोरा मिति २०७९।०३।०२ को निर्णय अनुसार अनुरोध छ ।

साथै आँखा सम्वन्धी सेवा सञ्चालन गर्ने सेवा प्रदायक संस्थाहरुवाट चश्माको दावी गर्दा पनि अनिवार्य रुपमा संस्थाकै आधिकारिक वील अनुसार दावी गर्नुहुन पनि सम्वन्धित सेवा प्रदायकमा अनुरोध छ ।

२०७९।३।२
शम्भु प्रसाद ज्ञवाली
वरिष्ठ जनस्वास्थ्य प्रशासक

**बोधार्थः**
१. श्री सवै प्रदेश शाखा कार्यालयहरु, स्वास्थ्य वीमा वोर्डः- माथि उल्लेख भए अनुसार आवश्यक समन्वय गर्नुहुन ।
२. श्री सवै (७७) जिल्ला सम्पर्क शाखा कार्यालयहरु, स्वास्थ्य वीमा वोर्डः- माथि उल्लेख भए अनुसार आवश्यक समन्वय गर्नुहुन ।

Scanned with CamScanner